## मल्चिङ प्लाष्टिक आपूर्तिका लागि शिलबन्दी प्रस्ताव आहान सम्बन्धि सूचना

सूचना नं: PRO/SQ/MAN-11/082-083

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२८

मनहरी गाउँपालिकाको कृषि शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम ५०% अनुदानमा मल्चिङ प्लास्टिक वितरण कार्यक्रम संचालनार्थ कृषकहरुको माग तथा स्वीकृत बजेटको परिधि भित्र रही मल्चिङ प्लाष्टिक अनुदानमा उपलब्ध गराउने प्रयोजनका लागि तपसिलमा उल्लेखित स्पेसिफिकेसनको न्युनतम दरभाउ आपूर्ति गर्न इच्छुक न्यूनतम योग्यता पुगेका आधिकारिक उत्पादक/बिक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८२/१०/१३) सम्ममा कार्यालय समय भित्र उल्लेखित कागजातहरु सहित प्रति ईकाई शिलबन्दी दरभाउ पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र बापतको दस्तुर रु. १०००/- (पछी फिर्ता नहुने) सिजिटन ईन्टरनेशनल बैङ्कमा रहेको ACCOUNT NAME: MANAHARI GA. PA. 1.1 ANTARIK RAJASWA KHATA, ACCOUNT NO: 062100000002202 मा जम्मा गरेको बैङ्क भौचर संलग्न गरी सार्वजनिक अनुगमनको कार्यालयको विद्युतीय खरिद प्रणाली https://www.bolpatra.gov.np/egp/ मार्फत तोकिएका शर्तहरु बमोजिम बोलपत्र दाखिला गर्न सकिनेछ।

आपूर्ति गर्नुपर्ने मल्चिङ प्लास्टिकको स्पेसिफिकेसन

| क्र.स | सामानको नाम | स्पेशिफिकेसन | इकाई | प्रति इकाई दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | Mulching Plastic | ISO Certified mulching plastic having width:1.2, Length: 400, Color: Silver on outer and black in inner layer. Layers: 3, Thickness: 25 Microns. Weight: 12-12.5 kg/roll | रोल | | |

आवश्यक कागजात एवं शर्तहरु:

१. फर्म/संस्था/कम्पनि दर्ता तथा नवीकरणको प्रमाणपत्र मूल्य अभिवृद्धि कर (VAT)/ PAN दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

२. कम्पनीको हकमा कम्पनि रजिष्टर कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्र

३. आ.व. २०८१/८२ को करचुक्ता तथा लेखापरिक्षणको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी

४. सामग्रीहरुको उत्पादक कम्पनिको आधिकारिक विक्रेता वा Authorized agent/डिलरशिप रहेको प्रमाणपत्र

५. संस्थाले कुनै सजाय नपाएको वा संस्था कालो सूचीमा नपरेको स्वःघोषणा

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

६. शिलबन्दी दरभाउ प्रस्ताव फारममा आपूर्ति गरिने सामाग्रीहरुको प्राविधिक स्पेसिफिकेसन खुलाई प्रति ईकाई दररेट नेपाली रुपैयाँ अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ| अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ | सिलबन्दी दर भाउ प्रस्ताव फारम पूर्ण रुपमा भरि प्रमाणित गरेको हुनुपर्नेछ |

७. आपुर्तिकर्ताले आपूर्ति गर्न खोजेको मल्चिङ प्लास्टिकको मोडेल र ब्राण्डहरुको आधिकारिक टेस्ट रिपोर्टको प्रमाणित प्रतिलिपि

८. आपूर्ति गर्न सकिने मल्चिङ प्लास्टिकको स्पेसिफिकेसन, ब्रान्ड, मोडेल, उत्पादक कम्पनि र देश खुल्ने क्याटलग, लिफलेट वा ब्रोसर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ |

९. आपूर्तिकर्ताहरुले कृषकहरुलाई बिक्रि वितरण गर्ने मल्चिङ प्लास्टिक सम्बन्धित प्राविधिकले चेकजाँच गरि स्वीकृत प्राविधिक स्पेसिफिकेसन अनुसार नै रहेको प्रमाणित गरि कृषकहरुलाई बिक्रि वितरण गर्ने र सो को एकमुष्ठ प्रतिवेदन कार्यालयलाई उपलब्ध गराउने प्रतिबद्दतापत्र |

१०. बोलपत्रको प्रत्येक पानामा आधिकारिक व्यक्तीको सहिछाप भएको हुनुपर्नेछ। साथै केरमेट भएको ठाउँमा समेत सोही बमोजिम सही छाप हुनुपर्नेछ।

११. बोलपत्रका लागी तोकिएको जमानत रकम सिटिजन्स बैङ्क ईन्टरनेशनल मनहरी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०६२०१००००३३१२०१ मा रु. ५०,०००.०० नगद जम्मा गरेको सक्कल बैङ्क भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यताप्राप्त बाणिज्य बैङ्क वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ४५ दिन सम्म म्याद भएको बैङ्क जमानत (Bid Security) समावेश भएको हुनुपर्नेछ ।

१२. बोलपत्र दर्ता गर्ने फर्मले तोकिएको मापदण्ड तथा अन्य व्यंहोरा प्रष्ट रुपमा पढि, सहिछाप गरि पेश गर्नुपर्नेछ। बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्नेछ ।

१३. कुनै पनि कारण जनाइ वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१४. बोलपत्र सम्बन्धी कागजात तथा सूचनामा उल्लेखित शर्त तथा मुल्याङ्कनका आधारहरु पूरा नगर्ने बोलपत्र स्वीकृत गरिने छैन ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत